ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

☎ ०८४-४०३१६०

सैनवार बर्दिया
५ नं. प्रदेश, नेपाल

प स : २०७५।०७६
च न : ११०४

मिति: २०७५।०९।२५

**विषयः स्वरोजगार तथा साना व्यवसायी कर्जा सम्बन्धमा ।**

श्री सहकारी संस्था सबै

ठाकुरबाबा नगरपालिका, बर्दिया

प्रस्तुत विषयमा यस नगरपालिकाद्धारा **स्वरोजगार तथा साना व्यवसायी घुम्तिकोष संचालन कार्यविधि २०७५** बमोजिम सहकारी संस्थाहरु मार्फत सहुलियत दरमा घुम्तिकोष प्रदान गरी स्वरोजगार श्रृजना र व्यवशाय प्रवर्द्धनको कार्य गर्ने उद्देश्य रहेको हुंदा नगरपालिकाबाट उक्त कर्जा लिई व्यवसाय गर्न चाहने व्यक्तिले आफुलाई पायक पर्ने सहकारी मार्फत निवेदन दिन सक्नेगरी यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ । साथै उक्त सूचनालाई आफ्नो सूचना पाटिमा समेत टांस गरी प्रचार प्रशार गरिदिनुका साथै पेश भएका निवेदनहरुको आधारमा यसै साथ संलग्न फरमेटमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र नगरपालिका कार्यालयमा कर्जा माग गर्नुहुन सूचित गरिन्छ । कुनै सहकारी संस्था कर्जा परिचालन गर्न असमर्थ रहेमा सोको जानकारी गराई तहां आउने सेवा ग्राहिहरुलाई नजिकको अन्य सहकारीमा सिफारिस गरिदिनुहुन समेत जानकारी गराईन्छ ।

..........................
निमित्त प्रमुख प्रशासकिय अधिकृत

☏ ०८४-४०३१६०

ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सैनबार बर्दिया
५ नं. प्रदेश, नेपाल

ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सैनवार, बर्दिया प्रदेश नं. ५, नेपाल (स्था: २०७३)

प.स: २०७५।०७६
च.नं. ११०४

मिति: २०७५।०९।२५

## स्वरोजगार तथा साना व्यवसायी कर्जा सम्बन्धि सूचना।

प्रस्तुत विषयमा यस नगरपालिकाद्धारा **स्वरोजगार तथा साना व्यवसायी घुम्तिकोष संचालन कार्यविधि २०७५** बमोजिम सहकारी संस्थाहरु मार्फत सहुलियत दरमा घुम्तिकोष प्रदान गरी स्वरोजगार श्रृजना र व्यवशाय प्रवर्द्धनको कार्य गर्ने उद्देश्य रहेको हुंदा नगरपालिकाबाट उक्त कर्जा लिई व्यवसाय गर्न चाहने व्यक्तिहरुले आफुलाई पायक पर्ने सहकारी सस्थामा यसै साथ संलग्न ढाँचा बमोजिमका विवरणहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन दिनुहुन जानकारी गराईन्छ।

..........................

निमित प्रमुख प्रशासकिय अधिकृत

वेबसाइट : www.thakurbabamun.gov.np, इमेल : thakurbabamun@gmail.com, info@thakurbabamun.gov.np